लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
कृषि विकास शाखा

☎ ०३३ ५६०१३८ कार्यालय, ५६०१३९ प्रशाशन, ५६०३७० राजश्व, ५६०१३७ फ्याक्स

Email :lahannapakrishisakha@gmail.com


आ.वा. २०८२/८३
चलानी नं. १४०६

मिति :-२०८२/०९/१८ गते

विषय : प्रस्ताव आहवान सम्वन्धि सुचना ।

**प्रथम पटक प्रकाशित**

प्रस्तुत विषयमा लहान नगरपालिका ,सिरहाको आ.वा.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रस्तावनामा आधारित तपसील वमोजिमका कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषि सहकारी /कृषक समुह/ कृषि फर्म उधमीहरुले माँग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले १५ औ दिन (२०८२/१०/४ गते ) भित्र लहान नगरपालिका कृषि विकास शाखामा प्रस्तावना पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

**तपसील**

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत (%) | लक्षित संस्था | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|---|
| १ | आँप संकलन , भण्डारण ,ग्रडिङ्ग, प्याकेजिङ्ग, व्राण्डिङ्ग तथा ढुवानी वजारीकरण कार्यक्रम | ५०% (पचास) प्रतिशत सम्म | कृषि फर्म/कृषि समुह /कृषि सहकारी | कृषक समुह/कृषि सहकारीको हकमा निर्णयको प्रतिलिपी एवम कृषि उधमी फार्मको दर्ताको प्रमाण पत्र ,स्थायी लेखा नं.,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,वडा कार्यालयको सिफारिस पत्र र आँप संकलन, भण्डारण, प्याकेजिङ्ग तथा वजारीकरण गरि वजार सम्म विक्रि वितरण (वजारीकरण) गर्ने प्रतिवधता पत्र र आवेदन पत्र । |

.....................
जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत

(विस्तृत जानकारीको लागि): सम्वन्धित वडा कार्यालयहरु वा लहान नगरपालिका कृषि विकास शाखाका कृषि विकास अधिकृत श्री प्रकाश साह हलुवाई मो.न.९८०४७९३६६६/९८६१६२३५८८ मा सम्पर्क गर्नु हुन ।

अवगतार्थ :

श्रीमान नगर प्रमुख/कृषि संयोजक ज्यू एवं ल.न.पा. का १ देखी २४ सम्मका वडा कार्यालयहरु ।
सुचना प्रविधि शाखा : सुचना वेव साईडमा अपलोड गरिदिनु हुन ।

Scanned with OKEN Scanner

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
कृषि विकास शाखा

☎ ०३३ ५६०१३८ कार्यालय
५६०१३९ प्रशाशन
५६०३७० राजश्व
५६०१३७ फ्याक्स

Email :lahannapakrishisakha@gmail.com

आ.वा. २०८२/८३
चलानी नं. १५०६

मिति :-२०८२/०९/१८ गते

**विषय : कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक विउ वैंक सुद्धिढीकरण कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्वन्धि सुचना !**

प्रस्तुत विषयमा लहान नगरपालिकाको आ.व.२०८२/८३ को संघिय स्वीकृत कार्यक्रम कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक विउ वैंक सुद्धिढीकरण कार्यक्रम संचालन गरेका कृषि सहकारी संस्था, कृषक समुहहरुले सुचना प्रकाशित मितीले ३० औ दिन (२०८२/१०/१८ गते) भित्र तपसीलका शर्तहरुको अधिनमा रही "स्थानीय तहमा शसर्त वितिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१" अन्तर्गत कार्यक्रम संचालन गर्नु पर्ने भएको हुनाले सो वमोजिम प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सुचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु**

१. कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक विउ वैक सुद्धिढिकरण कार्यक्रम संचालन गरेको भए सो को प्रमाणित कागजातहरु जस्तै : कार्यक्रमको श्रोत, कार्यक्रमको निर्णयहरु तथा कार्यान्वयन भएका योजनाहरु के-कस्ता छन । सोको विस्तृत जानकारी ।
२. कार्यक्रमको लागत स्टीमेट सहितको संचालन गर्न इच्छुक रहेको प्रस्तावहरु ।
३. संस्थाको निर्णय, पान नं. , कर चुक्ता गरेको प्रमाण ।
४. संस्थाको घर रहेको प्रमाणहरु के-कस्ता जग्गामा रहेको सो प्रमाण ।
५. विगतमा कार्यक्रम संचालन गरेको संस्थाहरुलाई प्राथमिकता दिईने छ ।
६. सुचना प्रकाशित म्याद भित्र पेश भएको प्रस्ताव उपर मात्र कार्यवाढी गरिने छ ।
७. कार्यक्रमको समपुर्ण अधिकार लहान न.पा. कृषि विकास शाखामा रहने छ ।

.............................
जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ :

श्रीमान नगर प्रमुख/कृषि संयोजक ज्यू एवं ल.न.पा. का १ देखी २४ सम्मका वडा कार्यालयहरु ।
सुचना प्रविधि शाखा : सुचना वेव साईडमा अपलोड गरिदिनु हुन ।

Scanned with OKEN Scanner

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
कृषि विकास शाखा

☎ ०३३ ५६०१३८ कार्यालय
५६०१३९ प्रशाशन
५६०३७० राजश्व
५६०१३७ फ्याक्स

Email :lahannapakrishisakha@gmail.com

आ.वा. २०८२/८३
चलानी नं. १४०५

मिति :-२०८२/०९/१८ गते

विषय : **७५% अनुदानमा कृषि सिंचाईका लागि विधुतिय मोटर कृषकहरुलाई वितरण कार्यक्रम सम्वन्धि सुचना ।**

प्रस्तुत विषयमा लहान नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को स्वीकृत न.पा. अनुदान कार्यक्रम अन्तर्गतका कृषक, कृषक समुह/कृषि सहकारी/कृषि उधमी/कृषि फर्महरुलाई "प्रदेश स्यालो टयुवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन कार्यविधी २०७७" को शर्तहरुको अधिनमा रही सुचना प्रकाशित मितीले १५ औ दिन (२०८२/१०/४ गते) भित्र आवेदन पेश गर्नु हुन सुचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु**

१. कृषक/कृषि फर्मको हकमा ना.प्र.प.को प्रतिलिपी ।
२. कृषक समुह/कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपी ।
३. सिंचाईको श्रोत वोडिङ्ग/पोखरी/विजुली आदि सुनिश्चित भएको हुनु पर्ने छ ।
४. विगत दुई वर्ष अनुदानको कार्यक्रम प्राप्त गरेका संस्थाहरुलाई पुन : कार्यक्रममा सहभागी हुन पाउने छैन ।
५. वडा कार्यालयका सिफारिस पत्र ।
६. सिंचाई तथा खेती गर्ने कम्तीमा २ विगहा क्षेत्रफल भएको एकल/संघिय/लिजमा भएको जग्गाधनी प्रमाण पत्र पेश गर्नु पर्ने छ । लिजमा लिएको भए सम्झौता पत्र पेश गर्नु पर्ने छ ।
७. कृषि सहकारी /कृषि फर्मको हकमा स्थाई लेखा प्रमाण पत्र एवम कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,संस्थाको निर्णय ।
८. संस्थाको हकमा अध्यक्ष वा कृषि सिंचाई विधुतिय मोटर प्रयोग गर्ने कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

.............................
जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :**

श्रीमान नगर प्रमुख/कृषि संयोजक ज्यू एवं ल.न.पा. का १ देखी २४ सम्मका वडा कार्यालयहरु ।
सुचना प्रविधि शाखा : सुचना वेव साईडमा अपलोड गरिदिनु हुन ।

Scanned with OKEN Scanner

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
कृषि विकास शाखा

☎ ०३३ { ५६०१३८ कार्यालय
५६०१३९ प्रशाशन
५६०३७० राजश्व
५६०१३७ फ्याक्स }

Email :lahannapakrishisakha@gmail.com


आ.वा. २०८२/८३
चलानी नं. १४०४

मिति :-२०८२/०९/१८ गते

**विषय : कृषि सिचाई स्यालो टुयुवेल/वोडिङ्ग/मोटर/समरसियल पम्प वितरण जडान कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना ।**

यस लहान नगरपालिका लहानको आ.वा. २०८२/८३ को न.पा. अनुदान कार्यक्रम अनुसार कृषि सिचाई स्यालो टुयुवेल/वोडिङ्ग/मोटर/समरसियल पम्प वितरण जडान कार्यक्रम संचालन हुन ल.न.पा का कृषि व्यवसायमा संग्लन इच्छुक कृषक/कृषक समुह/ कृषि सहकारी संस्था / कृषि फर्म / उधमी कृषकहरुले माँग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले ३० औ दिन (मिति २०८२/१०/१८ गते सम्म ) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल वमोजिमका आवश्यक काजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित्त नपुगेको र म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**(लाभग्राहीको योग्यता तथा पेश गर्नु पर्ने आवश्यक कागजातहरु )**

१. अनुसुची २ वमोजिमको आवेदन ।
२. कृषि उत्पादनमा संलग्न ४ (चार) विघा जग्गा भएको कृषक परिवार , एक भन्दा वढी कृषक परिवारहरुको जग्गा मिलाएर ४ (चार) विगहा जग्गाको कलष्टरमा सिचाई गर्न आपसी सहमति भएका उपभोक्ताहरु मध्ये एक जना कृषक र कृषक समह/कृषि सहकारी संस्था / कृषि उत्पादनमा संलग्न निजि फर्म / उधमीहरु र लिजमा वा एकल स्वामित्वको (४ इन्च वोरिङ्ग जडानको लागि ४ विगहा र ६ इन्च वोरिङ्ग जडानको लागि ६ विगहा ) जग्गा भएको धनि पुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको करारनामा / मन्जुरिनामा पत्र/ कृषकहरु आपसी सहमती पत्र पेश गर्नु पर्ने ।
३. वडा कार्यालयको सिफारिस पत्र ।
४.कृषक/कृषि फर्म / उधमीको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि र कृषि सहकारी संस्थाको हकमा अध्यक्ष , कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी ।
५.आवेदक कृषक समुह / कृषि सहकारी संस्था / कृषि उत्पादनमा संलग्न निजि फर्म / उधमीहरुको हकमा संस्था दर्ता , नविकरण , कर चुक्ता भएको प्रमाण पत्र र स्थायी लेखा नम्वर प्रमाण २०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. माँग गरेको वोरिङ्ग जडान हुने जग्गाको नक्शाको तुल्लु प्रिन्ट / कम्प्युटर प्रिन्ट /जि.पि.एस (Gps code) पेश गर्नु पर्नेछ ।
७. कृषि सहकारी संस्था / कृषक समुहको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारिणी समितिको निर्णय प्रतिलिपि ।
८.कृषि सहकारी संस्था / कृषक समुह/ निजि फर्म र उधमीहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अख्तियारी पत्र ।
९. स्यालो टुयुवेलको जडान खर्च कृषक/कृषक समुह/कृषि सहकारी एवं कृषि उधमीहरुले स्वयम वेहोर्ने पर्ने छ ।
१०.कृषि सिचाई कार्यक्रमको स्यालो टुयुवेल,मोटरको लागत अनुमान स्टीमेट अनिवार्य पेश गर्नु पर्ने छ ।
११.थप जानकारीको लागि लहान नगरपालिका लहान कृषि विकास शाखामा वा कृषि विकाश अधिकृत श्री प्रकाश साह हलुवाईको मो. नं ९८०४७९३६६६/९८६१६२३५८८ सम्पर्क गर्नु हुन ।

..........................
जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ :
श्रीमान नगर प्रमुख/कृषि संयोजक ज्यू एवं ल.न.पा. का १ देखी २४ सम्मका वडा कार्यालयहरु ।
सुचना प्रविधि शाखा : सुचना वेव साईडमा अपलोड गरिदिनु हुन ।

Scanned with OKEN Scanner